**कौशिक गोत्रीय रेग्मी बन्धु समाजको चौथो वार्षिक साधारण सभामा**
**प्रस्तुत चालु आर्थिक वर्षको कार्यक्रम सहितको**
**अध्यक्षको वार्षिक प्रतिवेदन**

कौशिक गोत्रीय रेग्मी बन्धु समाजको चौथो वार्षिक साधारण सभाका प्रमुख अतिथिज्यू, सल्लाहाकारहरू, केन्द्रीय कार्यसमितिका पदाधिकारी एवम् सदस्यहरू, प्रदेश, जिल्ला एवम् पालिका कार्यसमितिका पदाधिकारी एवम् सदस्यहरू, आजीवन तथा साधारण सदस्यहरू, साधारण सभामा उपस्थित प्रतिनिधिहरू, उपस्थित संपूर्ण सहभागी रेग्मी बन्धुहरू, पत्रकार मित्रहरू, आमन्त्रित महानुभावहरू एवम् महिला तथा सज्जनवृन्द सबैमा यस कौशिक गोत्रीय रेग्मी बन्धु समाज, केन्द्रीय कार्यसमितिको तर्फबाट र समितिको अध्यक्षका तर्फबाट यथोचित अभिवादन टक्र्याउँछु ।

समाजको चौथो वार्षिक साधारण सभामा अध्यक्षको २०८१/२०८२ को वार्षिक प्रतिवेदन एवम् आर्थिक वर्ष २०८२/२०८३ को कार्यक्रम पेश गर्न पाउँदा आफूलाई गौरवान्वित भएको महसुस गरेको छु ।
विगत एक वर्षको अवधिमा रेग्मी बन्धु समाजका सदस्य तथा परिवारका सदस्यहरूको असामयिक एवम् दुखद निधन हुनु भएका सबैमा केन्द्रीय कार्यसमितिका तर्फबाट र संपूर्ण समाजका सदस्यहरूका तर्फबाट चिर शान्तिको कामना सहित भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

रेगमबाट सुरु भई दैनिक जीवन यापन तथा विविध कारणले बसाइ सर्दै नेपालका विभिन्न स्थानहरूमा तथा भारत लगायत अन्य देशहरूमा छरिएर रहेका रेग्मीहरूका बिच एक आपसमा आत्मियता, भ्रातृत्व कायम गर्दै संस्थागत विकासका लागि रेग्मीहरूलाई संस्थागत रुपमा एकतावध्द गर्दै सामाजिक विकासमा समावेश गर्ने  गरी संस्थागत विकासको आवश्यकता महसुस भै अग्रजहरूबाट भएका संस्थागत विकासका प्रयास प्रति उच्च सम्मानका साथ हार्दिक आभार प्रकट गर्दछु । देशकै विद्वत् वर्गकारूपमा चिनिएर रहेको रेग्मी समाजलाई वैधानिकरूपमा संगठित गरी सम्पूर्ण रेग्मी बन्धुहरुमा भावनात्मकरुपमा एकतावद्ध गर्न २०७७ साल चैत्र ७ गते काठमाडौंको थानकोटमा रहेको त्रिभुवन स्मारक पार्कबाट सुरु भएको प्रयास हाल मुनाफा वितरण नगर्ने कम्पनीका रूपमा कम्पनी ऐन ६३ को दफा १८ (६) अनुसार कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भै कार्य गर्दै आइरहेको व्यहोरा अबगत नै छ ।

हालसम्म केही उच्च पहाडी जिल्ला र मध्य पहाडी जिल्लाबाहेक करिब ६० जिल्लामा रेग्मीहरूको बसोबास भएको पाइएको भएता पनि संस्थाको आर्थिक र संस्थागत क्षमता, समय र साङ्गठनिक सक्रियताका कारण समाजको सङ्गठन बिस्तारको क्रम चाहेको गतिमा नभएपनि विगत वर्षहरूमा नै सातै प्रदेशमा प्रदेश कार्यसमितिहरू, ३७ जिल्लामा जिल्ला कार्यसमितिहरु र केही पालिका स्तरका कार्यसमितिहरु गठन गरिएकोमा केही जिल्ला कार्यसमितिहरू निष्कृय भएका छन् । आगामी दिनमा बाँकी जिल्ला र पालिका तहमा समेत कार्यसमितिहरु गठन गरी सङ्गठित गर्ने र गठित तथा निष्कृय कार्यसमितिहरूलाई अद्यावधिक गर्दै सकृय गराउदै जाने कार्यक्रम रहेकोमा करिव दुई वर्ष देखि समाजप्रति केही सदस्यका महत्वाकांक्षा, असन्तोष र असहयोगका कारणले उद्देश्य अनुसारका कार्यक्रम अगाडि बढन नसकेको व्यहोरा सबैमा अवगत नै छ ।

समाजले गत २०७९ साल असोज २८ र २९ गते प्रज्ञा भवन कमलादीमा राष्ट्रिय पर्वका रुपमा राष्ट्रिय सम्मेलन तथा प्रथम बार्षिक साधारण सभा सम्पन्न गरी ४७ सदस्यीय केन्द्रीय कार्यसमिति एवम् ११ सदस्यीय कार्य संचालन समिति गठन भएको थियो । यसमा केही पदाधिकारी र सदस्यहरूको राजिनामा भई रिक्त पदमा तेश्रो वार्षिक साधारणभाबाट मनोनयन गरिएकोमा हाल १० सदस्यीय कार्य सञ्चालन समिति र निर्वाचित सदस्यहरूको राजिनामा पछि ४३ सदस्यीय केन्द्रीय कार्यसमिति कायम रहेको छ । केन्द्रीय कार्यसमितिका केही सदस्यहरू निर्वाचित भएपछि कुनै पनि बैठकमा उपस्थित र कार्यक्रमा सक्रीय हुनु भएको छैन । हाल निस्कृय सदस्यहरूको संख्या बढ्दै गएको छ । यसबाट जुन उत्साहपूर्ण वातावरणमा प्रथम साधारण सभा सम्पन्न भयो त्यसपछि २०७९ पौष २३ को केन्द्रीय कार्यसमिति को धोवीघाट बैठकमा भएको केही पदाधिकारीको अहमतावादी प्रस्तुतिले सदस्यहरूमा नैराश्यताको विजारोपण भएको थियो ।

हरेक भेला, भेटघाट तथा सामाजिक जागरणका कार्यक्रमहरूमा अग्रिम सूचनाहरु प्रसारण गर्दै धेरै भन्दा धेरै रेग्मी बन्धुहरुलाई जानकारी गराई सहभागी गराउदै आएको व्यहोरा जानकारी नै छ । सबैको साथ, सहयोग र एकताबद्ध भै कार्यक्रममा सहभागी भइरहनु भएको छ र आगामी दिनमा पनि साथ दिनु हुनेछ भन्ने विश्वास लिएको छु । साथै साङ्गठनिक बिस्तारमा पनि सबैको साथ र भावनात्मक सहयोगको अपेक्षा गरेको छु । यस अघि हाम्रा अग्रजहरुबाट रेग्मीहरुलाई एकताको सूत्रमा वाध्ने पठकपटकका प्रयासको पुन: स्मरण र उच्च सम्मान गर्दै अग्रजहरुको माया, ममता, सद्भाव र सहयोग यस समाजले यथावतरुपमा पाउने र लक्ष्य प्राप्तिमा सफलता प्राप्त हुनेमा पनि विश्वस्त रहेको छु ।

बझाङको थलारा १ मा दानदाता आदरणीय मदनराज रेग्मीज्यूबाट सडकसँग जोडिएको करिव दुई रोपनि (१००० वर्ग मिटर) जग्गा प्रदान गर्नु भएकोले उहाँको परिवारको सुस्वास्थ्य एवम् उज्वल भविष्यको लागि पितृ तथा कुलदेवतासँग प्रार्थना साथ कृतज्ञता प्रकट गर्दछौं ।

समाजको आफ्नै https:// www.kaushikgotriyaregmibandhusamaj.com नामको वेभ साइट  सञ्चालन भएको छ । साथै kaushikgotriyaregmibandhusamaj@gmail.com र regmisamaj.nep@gmail.com इमेलका साथ कौशिक गोत्रीय रेग्मी बन्धु समाज नामको युट्युव च्यानल पनि सञ्चालन गरिएको छ ।

रेग्मी बन्धुहरूको एकता प्रयाशमा यस समाजलाई विधिवतरुपमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता गरी समाजका साधन, स्रोत र दायित्व समेत हस्तान्तरण गरी अगाडि जाने प्रयाशका बावजुद विविध कारणले सो कार्य सफल हुन नसकेको अवस्थाबाट बन्धुहरूमा उत्पन्न चिन्ता, नैराश्यता र एकतावद्ध हुनु पर्छ भन्ने भावनालाइ सम्मान गर्दै जाने योजनाअनुसार मिति २०८२ असार १३ गते समाजको केन्द्रीय कार्यालयमा भएको सर्वपक्षीय भेलाबाट समाजलाई संघसंस्था दर्ता ऐन २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंमा

**कौशिक गोत्रीय रेग्मी बन्धु समाज** को नाममा दर्ता गर्ने प्रयोजनका लागि २१ सदस्यीय तदर्थ समिति गठन गरियो र यस अघि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएका संस्थाले मार्ग प्रशस्त गरी दर्ता कार्यलाई सहज बनाउने निर्णय भई कार्य गरिरहेकोमा सो तदर्थ समितिमा थप सदस्यहरू मनोनयन गरी हाल २७ सदस्यीय समिति कायम भएकोछ । सो समितिलाई दर्ता गरी वैधानिकता दिने उद्देश्यले संस्थाको विधान समेत तयार भइसकेको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको साविक कौशिक गोत्रीय रेग्मी बन्धु समाजबाट मार्ग प्रशस्त भई दर्ता खारेज गर्ने प्रकियामा रहेकोले सो संस्था दर्ता खारेज भएपछि तुरुन्तै संस्था दर्ता गर्ने पूर्ण तयारी अवस्थामामा छौं ।

समाजले गत वर्ष सम्पादन गरेका प्रमुख कार्यहरू उल्लेख गर्ने अनुमति चाहन्छु ।

१) संस्थाको तेश्रो वार्षिक साधारण सभा सम्पन्न ।

२) बंशावली पुस्तकमा औलाइएका कमिकमजोरी र सिकायत तथा छुट बंशाबली संकलनका लागि समाजका अध्यक्षको संयोजकत्वमा केन्द्रीय कार्य संचालन समिति, केन्द्रीय कार्य समिति, प्रदेश समिति र जिल्ला समितिका पदाधिकारी एवम् सदस्यहरु समावेश गरी बंशावली संकलन समिति गठन गरिएको ।

३) अर्घाखाँची जिल्ला भेला गरी जिल्ला कार्य समिति गठन, गोरखा एवम् बझाङ जिल्ला भेलाबाट कार्य समिति पुनर्गठन र अन्य जिल्लाहरुमा जिल्ला भेलाका लागि छलफल चलाइएको ।

४) विभिन्न चाडपर्व र अवसरहरुमा शुभकामना र दुःखका क्षणहरुमा सहानुभूति प्रकट गरिएको ।

५) रेग्मीहरुका कुल परम्परा र संस्कृति झल्किने बिषयवस्तुमा **रेग्मी वौद्धिक वहस** संचालन गरिएको (४ श्रृङ्खला सम्पन्न)

६) विविध बिषयका लेखहरु संकलन गरी **कौशिक स्मारिका वार्षिक** प्रथम अंक प्रकाशन गरिएको ।

७) रेग्मी कुलका ८४ वसन्त पार गरिसकेका जेष्ठ अविभावकहरूलाई सम्मान कार्यक्रम सञ्चालन गरिएको (३७ जना जेष्ठ रेग्मी बन्धुहरू सम्मानित गरिएको) ।

८) २०८२ वैशाखमा नव वर्ष शुभकामना वनभोज कार्यक्रम आयोजना गरिएको ।

९) सदस्यहरुको सक्रियता र कोष वृध्दिका लागि प्रोत्साहन सहयोग चिठ्ठा कार्यक्रम सुरु गरी यस आ. व. को भाद्रमा सम्पन्न भएको ।

१०) बझाङ जिल्लाको थलारा १, रेगममा करिव २ रोपनी (१००० वर्ग मिटर) जग्गा प्राप्त भएको ।

११) समाजको संस्था र कर अद्यावधिक गरिएको ।

१२) कार्यालयमा कौशिक ऋषि (विश्वामित्र) को तस्विर राखिएको ।

१३) कार्यालय सञ्चालन एवम् संस्था अद्यावधिक गरिएको ।

१४) व्यक्तिगत तथा संस्थागत सम्पर्क गर्ने र संस्थाका जिल्ला एवम् प्रदेशहरूले आयोजना गरेका कार्यक्रमहरुमा सहभागी हुने तथा संस्थागत विकासमा सक्रिय रहेको ।

१५) समाजमा आएका आर्थिक लगायतका असहज परिस्थिति र विविध समस्याका कारणबाट गत आर्थिक वर्षमा लक्षित संस्थागत विकास लगायतका केही महत्वपूर्ण कार्यक्रमहरु संचालन हुन नसकेकोमा केन्दीय कार्यसंचालन समितिको तर्फबाट र अध्यक्षका तर्फबाट समेत क्षमा चाहन्छु ।

अब म चालुवर्ष २०८२।८३ मा संचालन गर्न प्रस्तावित कार्यक्रमहरुको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तावित कार्यक्रमहरूमा आवश्यक परिमार्जन सहित स्वीकृति तथा संचालनका लागि परामर्श, आवश्यक सहयोग र प्रतिबध्दताको अपेक्षा राखेको छु । प्रस्तावित कार्यक्रमहरू पूर्व निर्णय अनुसार रेग्मीहरुको बृहद एकताको सन्देश प्रवाह हुनेगरी सञ्चालन गरिने छ ।

२०८२/०८३ का लागि प्रस्तावित कार्यक्रमको वार्षिक कार्यतालिका

| सि नं | कार्यक्रम | जिम्मेबार समिति | प्रमुख जिम्मेबार ब्यक्ति | समन्वय तथा सहजिम्मेवारी |
|---|---|---|---|---|
| १ | सदस्यता वितरण । नवीकरण | सबै समितिहरू | पदाधिकारी र सदस्यहरू | केन्द्रीय सदस्यहरू |
| २ | पालिका । जिल्ला । प्रदेश सम्मेलन एवम् समिति गठन पुनर्गठन | प्रदेश कार्यसमितिहरू, जिल्ला कार्यसमितिहरू | पदाधिकारी र सदस्यहरू | केन्द्रीय सदस्यहरू |
| ३ | बंशावली पुस्तक बिक्री बितरण | सबै कार्यसमितिहरू | संबन्धित अध्यक्ष र पदाधिकारी | सबै केन्द्रीय सदस्यहरू |
| ४ | बंशावली पुस्तकमा औंलाइएका कमिकमजोरी र सिकायत तथा छुट बंशावली संकलन | सबै कार्यसमितिहरू | संबन्धित अध्यक्ष र पदाधिकारी | सबै केन्द्रीय सदस्यहरू |
| ५ | खर्चको फांटवारी संकलन तथा लेखा परीक्षण | सबै कार्यसमितिहरू | संबन्धित अध्यक्ष र पदाधिकारी | सबै केन्द्रीय सदस्यहरू |
| ६ | चौथो वार्षिक साधारण सभा संचालन | कार्य संचालन समिति | सचिवालय सबै समितिहरु केन्द्रीय सदस्य | सचिवालय, संबन्धित अध्यक्ष र पदाधिकारी |
| ७ | विभिन्न अवसरहरूमा शुभकामना तथा भेटघाट र्काक्रम | सबै कार्यसमितिहरू | सम्बन्धित अध्यक्ष र पदाधिकारी | सबै केन्द्रीय सदस्यहरू |
| ८ | कौशिक नामक स्मारिका दोश्रो अङ्क प्रकाशन गर्ने | कार्य संचालन समिति | सचिवालय, सबै समितिहरू केन्द्रीय समिति | सबै केन्द्रीय सदस्यहरू |
| ९ | रेग्मी/वौद्धिक बहस मासिक कार्यक्रम संचालन | कार्य संचालन समिति | सचिवालय, सबै समितिहरू केन्द्रीय समिति | सबै केन्द्रीय सदस्यहरू |
| १० | ८४ वर्ष पूरा हुनु भएका अग्रज रेग्मीहरुको घरमै गई सम्मान गर्ने | सचिबालय | सचिबालय पदाधिकारी | सचिवालय पदाधिकारी |
| ११ | सदस्यहरूलाई परिचयपत्र/प्रमाणपत्र दिने | सचिबालय | सचिवालय, सबै समितिहरू केन्द्रीय समिति | सबै समितिहरू |

| | | | | |
|---|---|---|---|---|
| १२ | पूर्वाधार विकासका विशेष कार्यक्रमहरू ( बभ्फाङ, चितवन, गोरखा, सुनसरी) | सम्बन्धित सबै कार्यसमितिहरू | सबै पदाधिकारहरू सदस्यहरू, सल्लाहकारहरू | आजीवन र साधारण सदस्यहरू |
| १३ | समाजलाई विशेष सहयोग गर्ने जग्गा दान गर्ने वा आर्थिक सहयोग गर्ने व्यक्तिहरूलाई सम्मान गर्ने | सम्बन्धित सबै कार्यसमितिहरू | सबै पदाधिकारहरू सदस्यहरू, सल्लाहकारहरू | सबै आजीवन र साधारण सदस्यहरू |
| १४ | रेग्मी बन्धुहरुको जिल्लागत र देशगत संख्या सङ्कलन एवम् अद्यावधिक गर्ने | सचिवालय, केन्द्रीय कार्य समिति र सबै कार्यसमितिहरू | सबै पदाधिकारहरू, सदस्यहरू, सल्लाहकारहरू | सचिव |
| १५ | सवै जिल्ला र क्रमशः अन्य देशहरुमा सम्पर्क व्यक्ति तोक्दै जाने । | | सचिवालय पदाधिकारी | अध्यक्ष<br>सचिव |
| १६ | उद्गमस्थल रेगमको इतिहास, संस्कृतिको अध्ययन गर्ने | सचिवालय | सम्वन्धित जिल्ला कार्यसमिति | सचिव |
| १७ | विश्वामित्र गुफा लगायत अन्य ऐतिहासिक स्थलहरुको अध्ययन गर्ने गराउने । | सचिवालय | सचिवालय पदाधिकारी | सचिवालय पदाधिकारी |
| १८ | राजनीतिक, प्रशासनिक, उद्योग व्यवसाय तथा वंशावली निर्माण वा संकलन गर्ने व्यक्तिलाई सम्मान गर्ने । | सचिवालय | सचिवालय पदाधिकारी | सचिवालय पदाधिकारी |
| १९ | महिनामा कम्तिमा दुईजना अग्रज रेग्मीहरुको योगदान र जिवनी बारे उहाँकै घरमा गई भिडियो तयार गरी युट्यूवमा राख्ने । | सचिवालय अध्यक्ष<br>सचिव<br>डा. दामोदर रेग्मी | सचिवालय पदाधिकारी | सचिवालय पदाधिकारी |
| २० | रेग्मी वा जोशीबाट मन्त्री, सांसद, पालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष वा सदस्य रहनु भएकाहरुको नाम र फोन नम्वर संकलन गरी समय समयमा इ–शुभकामना कार्ड वा इ–सम्मानपत्र पठाउने । | सचिवालय | सचिवालय पदाधिकारी | सचिव |
| २१ | वेव साइटलाई अद्यावधिक गरी सदस्यता आवेदन संकलन, सूचनामूलक र अन्तरक्रियात्मक बनाउने | सचिवालय | सचिवालय | सचिव |
| २२ | आय आर्जनका कार्यक्रमहरू मुट्ठी दान, जस्तो कार्यक्रमहरू संचालन गर्ने | सचिवालय, केन्द्रीय कार्य समिति र सबै समितिहरू | सबै पदाधिकारहरू, सदस्यहरू, सल्लाहकारहरू | कोषधयक्ष |
| २३ | रेगम खप्तड आध्यात्मिक तथा कृषि पर्यटन विकासको अवधारणा पत्र तयार गरी सुदुरपश्चिम प्रदेश सरकार, थलारा गाउँ पालिका, जि स. स. बझाङ, नेपाल पर्यटन बोर्ड, खप्तड स्थानीय तहसँग कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने । | सचिवालय | सचिवालय | सचिव |
| २४ | रेग्मीका विभिन्न समूह र रेग्मी समूहमा आवध्द नहुनु भएका रेग्मीहरूलाई यस समाजमा आवध्द हुन नियमितरूपमा सम्पर्क गर्ने र सार्वजनिक अनुरोध गर्ने | सचिवालय, केन्द्रीय कार्य समिति र सबै समितिहरू | सचिवालय | अध्यक्ष |
| २५ | कार्यालय संचालन र नियमित दैनिक कार्यहरू | सचिवालय, केन्द्रीय कार्य समिति र सबै समितिहरू | सबै पदाधिकारहरू, सदस्यहरू, सल्लाहकारहरू | सचिवालय पदाधिकारी, सदस्यहरू र कार्यालय सचिव |

समाजका लागि आफ्नो स्वास्थ्य अवस्था, पेशा, व्यवसाय, दैनिकी र पारिवारिक व्यवहारहरूलाई समेत पन्छाएर समाजकै काममा अहोरात्र लागेर समाजलाई यस अवस्थासम्म ल्याउन अमूल्य योगदान दिनुहुने केन्द्रीय कार्यसंचालन समिति, केन्द्रीय कार्यसमिति पदाधिकारी तथा सदस्यहरू, प्रदेश तथा जिल्ला समितिहरू, पालिका समितिहरू र समाजको उत्थानमा सङ्ल्पित सम्मानित व्यक्तित्वप्रति उहाँहरूले समाजप्रति गर्नु भएको अमूल्य योगदानका लागि हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै चौथो वार्षिक साधारण सभा सफल बनाउन तयारीमा अहोरात्र खटिई योगदान दिनुहुने चौथो वार्षिक साधारण सभा तयारी समिति संयोजक सचिब डा. तेजराज जोशी रेग्मी,

कोषाध्यक्ष बुध्दि प्रसाद रेग्मी एवम् सदस्य गोबिन्द प्रसाद रेग्मी, कार्य संचालन समितिका पदाधिकारी एवम् सदस्यहरू, केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरू लगायत सबै महानुभावहरू प्रति धन्यवाद प्रकट गर्दछु । यस समाजको विकास र निरन्तरताका लागि समस्या समाधानमा सक्रिय भइ यस संस्थालाई जिल्ला प्रशासन कार्यालय, काठमाडौँमा दर्ता प्रयोजनका लागि निरन्तर लाग्नु हुने तदर्थ समितिका पदाधिकारी र सदस्यहरूमा पनि हार्दिक आभार प्रकट गर्दछु ।

समाजको स्थापनाको आवश्यकता महशुस गरी संस्था गठनको तयारी, गठन र विकासका क्रममा कस्को के कति योगदान भयो र संस्था आजको अवस्थामा आइपुग्दा कति अवरोधका बावजुद संचालन हुँदै आएको हो सोको विवेकपूर्ण मुल्याङ्कन आवश्यक हुन्छ । यहाँ जसले जसलाई जे जति दोष वा आक्षेप लगाए पनि यस संस्थामा कोही व्यक्ति पद वा जीविकोपार्जन सहज बनाउने लोभमा जोडिनु भएको हैन भन्ने विश्वास छ र कोही निहित स्वार्थवश जोडिनु भएको छ भने पनि स्वार्थ परित्याग गर्न अनुरोध छ । विगतमा हामी एकता मार्गबाट कहाँ चुक्यौं र कहाँ कसका के कति कमजोरी रहे मूल्याङ्कन गर्दै संस्थालाई अगाडि बढाउन के योगदान दिन सकिन्छ र कसरी सबै बन्धुहरूलाई एकतावध्द गराएर लान सकिन्छ भन्ने सोचेर अगाडि बढौं । केही व्यक्तिका महत्वकांक्षा, लालच वा कुण्ठाका कारणबाट संस्थाको र रेग्मी कुलको इतिहास मेटाउने पक्षमा कोही जानु हुने छैन भन्नेमा विश्वास गरौं । हामी हाम्रा पुर्खा देखि कमाएको यश, इज्जत र प्रतिष्ठा जोगाउन तर्फ एकतावद्ध हुनुको विकल्प छैन । अब कसै प्रति शङ्का र अविश्वाश गर्नु भन्दा म आफुले यस संस्थाको उन्नतिमा कति योगदान गरेको छु मुल्याङ्कन र आत्मा समीक्षा गर्दै समाज प्रति समय, त्याग र क्षमता प्रदर्शन गर्न अनुरोध छ । यस अघि हामीबाट संस्था सञ्चालनका क्रममा कुनै कमिकमजोरीहरू भएका हुनसक्छन आगामी दिनमा तिनलाई सुधार गरी अगाडि बढने प्रतिद्धता प्रकट गर्दछौं ।

आजको अवस्थामा रेग्मी बन्धुहरू एक भएर जुटनुको विकल्प छैन । यो इतिहासको माग हो । रेग्मी बन्धुहरूको एकताका लागि यो संस्थाले अनवरतपरूमा प्रयास गरिनै रहेको छ र आगामी दिनमा पनि रेग्मी बन्धुहरूको एकताका लागि कुनै कसर बाँकी राख्ने छैन भन्ने विश्वास दिलाउन चाहन्छु । यस सधारण सभाले देश विदेशमा रहनु भएका सबै रेग्मी वन्धुहरूमा एकता र भातृत्वको भावना अभिवृध्दि गराउने गरी एकताको सन्देश प्रवाह गर्दै कार्यक्रम सफल हुनेमा विश्वास लिएको छु ।

यस समाजमा आइपरेका समस्याहरूलाई समाधान गरी संस्थालाई यस रुपमा पुऱ्याउन आ-आफ्नो स्थानबाट मन, वचन र कर्मले एवम् आवश्यकता अनुसार आर्थिक र भावनात्मक सहयोग गर्नुहुने सल्लाहकारज्यूहरु, आदरणीय आजीवन तथा साधारण सदस्य महानुभावहरू, कार्यसंचालन समितिका पदाधिकारी एवम् सदस्यज्यूहरू, प्रदेश कार्य समिति, जिल्ला कार्य समितिका पदाधिकारी तथा सदस्यहरू र यस समाजको भलो चिताई आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुहुने सम्पुर्ण महानुभावहरू सबैमा मेरो व्यक्तिगत तथा समाजको तर्फबाट हार्दिक कृतज्ञता सहित धन्यवाद दिन चाहन्छु । यस चौथो वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण आदरणीय महानुभावहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

समाजका स्थापनाका लागि अविस्मरणीय र ऐतिहासिक योगदान दिन सफल थानकोट भेला सम्पन्न भएको दिन २०७७ साल चैत्र ७ गते ऐतिहासिक र अविस्मरणीय दिनकोरूपमा स्थापित गराउन सो भेलामा उपस्थित अग्रजहरूको स्मरण गर्दै **कौशिक गोत्रीय रेग्मी बन्धु समाज** नामक संस्था गठन गर्न लाग्नुहुने सबै आदरणीय महानुभावहरू प्रति पुनः कृतज्ञता प्रकट गर्दछु ।

समाजको आर्थिक प्रतिवेदन कोषाध्यक्षज्यूबाट तथा प्रगति प्रतिवेदन सचिवज्यूको प्रतिवेदनबाट पेश भई स्वीकृत हुने नै छ ।

समाजको चौथो वार्षिक साधारण सभाको गरिमा बढाउदै हामीलाई उर्जा प्रदान गरिदिनु हुने सबैमा र यो कार्यक्रम सफल बनाउन मन वचन र कर्मले लाग्नु हुने सम्पूर्ण आदरणीय महानुभावहरूमा धन्यवाद व्यक्त गर्दै समयाभावका कारणबाट यस सभामा उपस्थित हुन नसक्नुभएका सबै सदस्यहरू लगायत सबैमा यस सस्थाप्रति माया र सद्भाव यथावत रहने विश्वासका साथ वार्षिक प्रतिवेदन प्रस्तुति यहीँ समाप्त गर्दछु ।

जय कौशिक गोत्रीय रेग्मी बन्धु समाज !!! जय बन्धु एकता !!! कुलदेवताले हामी सबैको रक्षा गरुन् !!!

धन्यवाद

निल प्रसाद रेग्मी,
अध्यक्ष
केन्द्रीय कार्य समिति
कौशिक गोत्रीय रेग्मी बन्धु समाज

मिति २०८१ पौष १९ गते शनिबार